लोक सेवा आयोग

गोरखापत्र संस्थान, प्रशासन, सामान्य प्रशासन, पाँचौं, वरिष्ठ सहायक पदको खुला प्रतियोगितात्मक

लिखित परीक्षा

२०८३।०३।०९

**KEY [B]**

पत्र : प्रथम

समय : २ घण्टा

पूर्णाङ्क : १००

विषय : सामान्य ज्ञान र समसामयिक अध्ययन

उत्तरपुस्तिकामा प्रश्नपत्रको **KEY** अनिवार्य रूपले उल्लेख गर्नुपर्नेछ । उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षामा **calculator, mobile** प्रयोग गर्न पाइनेछैन ।

वस्तुगत

समय: ४५ मिनेट

**वस्तुगत बहुउत्तर**

अङ्क : ५०×१=५०

1. नेपालमा आधुनिक इतिहासका प्रवर्तक कसलाई मानिन्छ?
   A) राम शाह B) द्रव्य शाह C) पृथ्वीनारायण शाह D) त्रिभुवन वीरविक्रम शाह
2. नेपालको संविधानअनुसार नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता कसमा निहित रहेको छ?
   A) नेपाली जनता B) नेपाल सरकार C) प्रतिनिधि सभा D) सर्वोच्च अदालत
3. नेपाल अधिराज्यको संविधान, २०१५ कहिले जारी भएको थियो?
   A) वि.सं. २०१५ वैशाख १ B) वि.सं. २०१५ भदौ १
   C) वि.सं. २०१५ पुस १ D) वि.सं. २०१५ फागुन १
4. नेपालमै छापिएको पहिलो नेपाली पत्रिका कुन हो?
   A) गोरखा भारत जीवन B) सुधासागर C) गोरखापत्र D) मधुपर्क
5. नेपालमा प्रयोग भएको पहिलो छापाखाना कुन प्रकारको थियो?
   A) अफसेट प्रेस B) डिजिटल प्रेस
   C) स्क्रिन प्रिन्टिङ D) लेटर प्रेस (हातले चलाइने)
6. छापाखानाको आविष्कार सर्वप्रथम कुन देशबाट भएको हो?
   A) चीन B) अमेरिका C) भारत D) जर्मनी
7. राईहरूलाई ... पनि भनिन्छ ।
   A) ढुकपा B) प्रजा C) तमू D) खम्बु
8. भाषा र परम्परा कस्तो सांस्कृतिक सम्पदामा पर्छन्?
   A) स्पर्शनीय B) अमूर्त C) प्राकृतिक D) ऐतिहासिक
9. निम्न भनाइहरू मनन गर्नुहोस् र सही उत्तर छान्नुहोस् ।
   क) छिन्ताङ देवीको मन्दिर सप्तरी जिल्लामा पर्दछ ।
   ख) पाथीभरा देवीको मन्दिर ताप्लेजुङ जिल्लामा पर्दछ ।
   ग) बर्ने चिया बगान इलाम जिल्लामा पर्दछ ।
   घ) सताक्षीधाम झापा जिल्लामा पर्दछ ।
   A) क र घ मात्र ठिक B) ग र घ मात्र ठिक
   C) क र ख मात्र ठिक D) ख र घ मात्र ठिक
10. 'नुमाफुङ' कुन भाषाको पहिलो चलचित्र हो?
    A) राई B) मगर C) गुरूङ D) लिम्बु
11. घोडाभेडा प्रथा नेपालको कुन जिल्लामा प्रचलित छ?
    A) इलाम B) अछाम C) मुगु D) डोटी

NEA Target For Electrical

MARSHAL लोक सेवा आयोगी TAMANG

12. 'ब्रह्मपुत्रको छेउछाउ' का कृतिकार को हुन्?
A) लीलबहादुर क्षेत्री B) पारिजात C) रमेश विकल D) कृष्ण धरावासी

13. काठमाडौं-तराई/मधेश द्रुतमार्ग (Fast Track) को लम्बाइ कति कि.मी. रहेको छ?
A) ७०.९८ B) ७२.५ C) ७६.५० D) ८०.९८

14. राष्ट्रिय जनगणना, २०७८ बमोजिम नेपालको कुल जनसंख्यामा पुरूषको साक्षरतादर कति प्रतिशत रहेको छ?
A) ८७.८ B) ८३.६ C) ७५.१ D) ६९.४

15. नेपालको कुल गार्हस्थ उत्पादनमा सबैभन्दा बढी योगदान कुन क्षेत्रको रहेको छ?
A) सेवा B) कृषि C) उद्योग D) पर्यटन

16. नेपालमा सबैभन्दा बढी पर्यटक कुन देशबाट आउने गरेका छन्?
A) भारत B) चीन C) अमेरिका D) जापान

17. प्रथम पञ्चवर्षीय योजनामा कति रूपैयाँ खर्च हुने अनुमान गरिएको थियो?
A) ३० करोड B) ३३ करोड C) ४० करोड D) ४३ करोड

18. आधुनिक मनोविज्ञानका प्रवर्तक कसलाई मानिन्छ?
A) रबर्ट एड्वार्ड्स B) हेनरी ड्युना C) सिग्मण्ड फ्रायड D) जन ओकिफ

19. शरीरमा आइरन (Iron) को कमी हुँदा हुने रोग कुन हो?
A) रिकेट्स B) गलगाँड C) स्कर्भी D) एनेमिया

20. Pasteurization को मुख्य उद्देश्य के हो?
A) खाना जमाउने B) सूक्ष्म जीव नष्ट गर्ने C) स्वाद बढाउने D) रंग परिवर्तन गर्ने

21. मानव शरीरमा कति प्रतिशत खनिज पदार्थ हुन्छ?
A) १.५ B) ६.१ C) १३.८ D) ६९.६

22. कम्प्युटरमा देखिएको सबैभन्दा पुरानो भाइरस तलका मध्ये कुन हो?
A) WABBIT B) BRAIN C) CREEPER D) REAPER

23. दिगो विकासका लक्ष्यहरू मध्ये पहिलो लक्ष्य कुन हो?
A) गरिबीको अन्त्य B) शून्य भोकमरी C) लैंगिक समानता D) असमानता न्यूनीकरण

24. ओजोन तह कुन तत्त्वबाट बनेको हुन्छ?
A) अक्सिजन B) कार्बन C) नाइट्रोजन D) हिलियम

25. नेपालमा मात्र पाइने चरा कुन हो?
A) डाँफे B) ढुकुर C) मयूर D) काँडे भ्याकुर

26. हरितगृह प्रभावमा सबैभन्दा बढी प्रभाव पार्ने ग्यास कुन हो?
A) नाइट्रोजन B) अक्सिजन
C) कार्बन डाइअक्साइड D) आर्गन

27. आनुवंशिक विविधता (Genetic Diversity) भनेको के हो?
A) प्रजातिहरू बिच भिन्नता B) एउटै प्रजातिभित्र भिन्नता
C) पारिस्थितिक प्रणाली विविधता D) प्रजातिहरू बिचको भिन्नतामा एकता

28. BIMSTEC को सदस्य राष्ट्र तलका मध्ये कुन होइन?
A) भारत B) बंगलादेश C) जापान D) नेपाल

29. EU मा साझा मुद्रा कति देशमा लागु छ?
A) २० B) २१ C) २२ D) २३

30. संयुक्त राष्ट्रसंघको विशिष्टिकृत संस्था UNESCO केसँग सम्बन्धित छ?
A) शिक्षा, विज्ञान तथा संस्कृति B) स्वास्थ्य
C) खाद्य तथा कृषि D) नागरिक उड्डयन



NEA Target For Electrical

31. सार्क क्षयरोग केन्द्र कुन देशमा रहेको छ?
   A) श्रीलंका B) नेपाल C) भारत D) पाकिस्तान
32. जिरी प्राविधिक शिक्षालय कुन देशको सहयोगमा स्थापना भएको हो?
   A) भारत B) इजरायल C) चीन D) स्विट्जरल्याण्ड
33. आर्थिक सर्भेक्षण २०८२/८३ अनुसार वनक्षेत्रले नेपालको कुल भू-भागको कति प्रतिशत ढाकेको छ?
   A) ४६.०८ B) ४५.५० C) ४४.५० D) ४३.०८
34. जलवायु परिवर्तनसम्बन्धी ३० औं अन्तर्राष्ट्रिय सम्मेलन (COP 30) कुन देशमा सम्पन्न भएको हो?
   A) इजिप्ट B) संयुक्त अरब इमिरेट्स
   C) ब्राजिल D) फ्रान्स
35. सन् २०२५ मा विश्वका सबैभन्दा बढी प्रभाव पार्ने शीर्ष २ प्रतिशत वैज्ञानिकहरूको वरियता सूचीमा नेपालका कतिजना वैज्ञानिकहरू समावेश भएका छन्?
   A) ३१ B) ३३ C) ३५ D) ३७
36. प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को समानुपातिकतर्फको निर्वाचन परिणामअनुसार राष्ट्रिय दलको मान्यता <u>नपाउने</u> दल कुन हो?
   A) राष्ट्रिय प्रजातन्त्र पार्टी B) श्रम संस्कृति पार्टी
   C) जनता समाजवादी पार्टी, नेपाल D) नेपाली कम्युनिष्ट पार्टी
37. व्यथित साहित्य सम्मान, २०८२ कसलाई प्रदान गरियो?
   A) मेघराज मञ्जुल B) डा. तुलसीप्रसाद भट्टराई
   C) अमर न्यौपाने D) नीलम कार्की निहारिका
38. Milano Cortina 2026 (Olympic Winter Games) को आयोजक राष्ट्र कुन हो?
   A) स्पेन B) स्विट्जरल्याण्ड C) अर्जेन्टिना D) इटाली
39. नहरहरूको सहर (City of Canals) भनेर कुन सहरलाई चिनिन्छ?
   A) स्टकहोम B) बैंकक C) भेनिस D) पानामा
40. विश्वको भूगोलका सम्बन्धमा देहायका मध्ये कुन कथन <u>बेठिक</u> छ?
   A) पृथ्वीको कुल क्षेत्रफलको करिब ३०% भाग प्रशान्त महासागरले ओगटेको छ
   B) पृथ्वीको कुल क्षेत्रफलको ३२% भाग महादेशले ओगटेको छ
   C) भूपरिवेष्टित राष्ट्र नभएको महादेश अष्ट्रेलिया हो
   D) ऐतिहासिकरूपमा त्रिकोणात्मक व्यापार सञ्चालनको प्रमुख समुन्द्रीमार्ग आन्ध्र महासागर थियो
41. 'Father of GIS' का रूपमा परिचित भूगोलविद् को हुन्?
   A) Dr. Roger F. Tomlinson B) Jack Dangermond
   C) Micheal Goodchild D) Waldo Tobler
42. कुन ग्रहलाई हरियो ग्रह पनि भनिन्छ?
   A) पृथ्वी B) मंगल C) शनि D) अरूण
43. क्षेत्रफलको आधारमा ठूलोबाट सानो महादेशको क्रम कुन सही छ?
   A) एसिया, अफ्रिका, उत्तर अमेरिका, दक्षिण अमेरिका
   B) अफ्रिका, एसिया, उत्तर अमेरिका, दक्षिण अमेरिका
   C) उत्तर अमेरिका, अफ्रिका, एसिया, दक्षिण अमेरिका
   D) दक्षिण अमेरिका, एसिया, उत्तर अमेरिका, अफ्रिका
44. नेपालमा म्याग्नेसाइटका लागि सम्भाव्य क्षेत्र कुन हो?
   A) मुस्ताङको नुनखानी B) चुरे पहाड
   C) काठमाडौं उपत्यका D) चिसापानीगढी

NEA Target For Electrical

45. पार्चेक्या भञ्ज्याङ कुन जिल्लामा रहेको छ?
A) मनाङ B) मुस्ताङ C) गोरखा D) धादिङ

46. मानव स्वास्थ्यका लागि उपयुक्त हावापानी भएको नेपालको भौगोलिक क्षेत्र कुन हो?
A) चुरे पर्वतश्रेणी B) सीमान्त हिमाली क्षेत्र C) महाभारत श्रेणी D) भाँवर क्षेत्र

47. क्षेत्रफलका आधारमा ठूलोबाट सानो जिल्लाको क्रम कुन सही छ?
A) डोल्पा, हुम्ला, गोरखा, मुगु र ताप्लेजुङ B) डोल्पा, मुगु, हुम्ला, ताप्लेजुङ र गोरखा
C) डोल्पा, ताप्लेजुङ, हुम्ला, गोरखा र मुगु D) डोल्पा, हुम्ला, ताप्लेजुङ, गोरखा र मुगु

48. भित्रीमधेशलाई कति क्षेत्रमा विभाजन गरिएको छ?
A) २ B) ३ C) ४ D) ५

49. लिच्छविकालमा प्रहरी प्रमुखलाई के भनिन्थ्यो?
A) भट B) भट्नायक C) दण्डनायक D) सर्वदण्डनायक

50. पञ्चायत व्यवस्थाका प्रथम प्रधानमन्त्री को थिए?
A) डा. तुलसी गिरी B) सूर्यबहादुर थापा
C) नगेन्द्रप्रसाद रिजाल D) डा. के. आई. सिंह

:: समाप्त ::

**उत्तरपुस्तिकामा KEY अनिवार्य रूपमा लेख्नुहोला ।**

NEA Target For Electrical

लोक सेवा आयोग

गोरखापत्र संस्थान, प्रशासन, सामान्य प्रशासन, पाँचौं, वरिष्ठ सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८३।०३।०९

पत्र : प्रथम
समय : २ घण्टा

पूर्णाङ्क : १००

## विषय : सामान्य ज्ञान र समसामयिक अध्ययन

विषयगत

समय : १ घण्टा १५ मिनेट

अङ्क : ५०

१. कानूनी राज्य भनेको के हो? नेपालको संविधानमा कानूनी राज्यको अवधारणालाई आत्मसात् गर्न गरिएका मुख्य मुख्य व्यवस्थाहरू उल्लेख गर्नुहोस् । १+४=५

२. कार्यपालिकाका प्रमुख कार्यहरू वर्णन गर्नुहोस् । ५

३. नेपालमा विद्युतीय शासनको प्रवर्धनमा देखिएका चुनौतीहरू पहिल्याउनुहोस् । ५

४. "भ्रष्टाचार कुशासनको परिणाम हो ।" यस भनाइलाई पुष्टि गर्नुहोस् । ५

५. सम्पत्ति शुद्धीकरणलाई किन वित्तीय अपराध मानिन्छ? कारणसहित प्रष्ट पार्नुहोस् । ५

६. नेपालको हिमाली प्रदेशका विशेषताहरू वर्णन गर्नुहोस् । ५

७. विविधतामा एकता नेपाली समाजको विशेषता भन्ने भनाइलाई प्रष्ट पार्नुहोस् । ५

८. जनसांख्यिक लाभ (Demographic Dividend) भनेको के हो? यसले देशको आर्थिक विकासमा पुऱ्याउन सक्ने योगदान प्रस्तुत गर्नुहोस् । २+३=५

९. दिगो विकासको अवधारणा स्पष्ट गर्दै दिगो विकासको महत्त्वमाथि प्रकाश पार्नुहोस् । २+३=५

१०. गरिबी भनेको के हो? गरिबीका कारणहरू के के हुन्? प्रष्ट पार्नुहोस् । २+३=५

:: समाप्त ::

NEA Target For Electrical